# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४९) काठमाडौं, असोज ३ गते २०५६ साल (संख्या २३

## भाग ३

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको
### सूचना १

श्री ५ को सरकारले सामयिक कर असुल ऐन, २०१२ बमोजिम जारी भएको खण्ड ४९, अतिरिक्ताङ्क १५ (घ), मिति २०५६।३।२७ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका वडा नं. ४ को कि. नं. १०९ को क्षेत्रफल ०-०-१-२, कि. नं. १११ को क्षेत्रफल ०-१-२-२ र कि. नं. १०४ को क्षेत्रफल ०-३-०-० को जम्मा क्षेत्रफल ०-५-०-० जग्गा श्री पञ्चेश्वर सेवा समिति ललितपुरले खरिद गर्दा प्रचलित कानून बमोजिम लाग्ने रजिष्ट्रेशन दस्तुर पूर्ण रूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

श्री ५ को सरकारले सामयिक कर असुल ऐन, २०१२ बमोजिम जारी भएको खण्ड ४९, अतिरिक्ताङ्क १५ (घ), मिति २०५६।३।२७ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी तेह्रथुम जिल्ला म्याङलुङ गाउँ विकास समिति वडा नं. २ को कि. नं. १८४ को क्षेत्रफल ७-५-१-१ जग्गा तेह्रथुम जिल्ला अदालतले भवन बनाउने प्रयोजनको लागि खरिद गर्दा प्रचलित कानून बमोजिम लाग्ने रजिष्ट्रेशन दस्तुर पूर्ण रूपले छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव

श्री ५ को सरकार

## वाणिज्य मन्त्रालयको सूचना

श्री ५ को सरकारले निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपालबाट वनस्पति ध्यूको निकासी गर्नको लागि भन्सारमा पेश गरिने कागजपत्रहरूको साथमा केन्द्रीय खाद्य अनुसन्धान शालाले जारी गरेको गुणस्तरको प्रमाण पत्र समेत संलग्न गरी पेश गर्नुपर्ने व्यवस्था गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
मोहनदेव पन्त
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## जलस्रोत मन्त्रालयको सूचना

श्री ५ को सरकारले खण्ड ४८, संख्या ३७ मिति २०५५।६।२० को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाको खण्ड (ग) को सट्टा देहाय बमोजिमको खण्ड (ग) राख्ने गरी मिति २०५६।५।१५ मा निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

"(ग) विद्युत विकास केन्द्रका उप-महानिर्देशक
श्री राजदेव साह सदस्य"

आज्ञाले,
विश्वनाथ सापकोटा
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित प्रतिलिपि प्राप्त गरिनु हुनेछ।

228